मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २०९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ साउन २८ गते बिहीबार ❑ 13 Aug. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पोखरामा ग्यास आपूर्ति निरन्तर, अभाव भने कायमै

**पोखरापत्र संवाददाता**
कास्की, २७ साउन



विभिन्न कम्पनीले नियमितरुपमा ग्यास बजारमा पठाइरहेको दाबी गरिरहँदा पोखरामा साउनको पहिलो सातादेखि सुरु भएको खाना पकाउने एलपी ग्यासको अभाव अझै सहज हुनसकेको छैन।

ग्यासका लागि कतिपय उपभोक्ता लामो समयदेखि पर्खाइमा छन् भने कतिपयले लाइनमा बस्दासमेत नपाएको गुनासो गरिरहेका छन्। अर्कातर्फ ग्यास कम्पनीहरूले भने विगतका वर्षको परिमाणमभन्दा बढी ग्यास आपूर्ति भइरहेको दाबी गरेका छन् । ती कम्पनीले उपभोक्ताले आवश्यकताभन्दा बढी सिलिन्डर भण्डारण गरेकाले बजारमा अभाव देखिएको जनाएका छन् । गृहलक्ष्मी ग्यास कम्पनीले गत आवको साउनमा कास्कीमा ३७ हजार सिलिन्डर बिक्री गरेकामा यस वर्ष साउन २५ गतेसम्म ४७ हजार सिलिन्डर पोखरा पठाइसकेको जनाएको छ। विगतको तुलनामा बढी ग्यास बजारमा पठाइए पनि उपभोक्ताको लाइन भने घटेको छैन। गृहलक्ष्मी ग्यास कम्पनीका महाप्रबन्धक भीम लामिछानेले साउन ग्यासको खपत कम हुने समय भए पनि यस वर्ष गत वर्षको तुलनामा बढी सिलिन्डर बजारमा पठाउँदा पनि अभाव देखिनुको मुख्य कारण उपभोक्ताले ग्यास भण्डारण गर्नु रहेको बताउनुभयो । "साउनमा ग्यासको खपत सामान्यतया कम हुन्छ। तर यस वर्ष गत वर्षभन्दा बढी सिलिन्डर बजारमा गए पनि अभाव हटेको छैन । चाडपर्व नजिकिँदै गर्दा पछि अभाव हुन्छ कि भन्ने चिन्ताले उपभोक्ताले खाली सिलिन्डरसमेत भरेर राख्दा अहिले समस्या देखिएको हो", उहाँले भन्नुभयो। सरकारले मध्यपूर्वको तनावपछि ग्यास आपूर्तिलाई व्यवस्थापन गर्न करिब चार महिनासम्म बजारमा आधा सिलिन्डर ग्यास पठाउने निर्णय गरेको थियो । आधा सिलिन्डर बिक्री हुँदा बजारमा सहज अवस्था रहे पनि पूरा सिलिन्डर बिक्री सुरु भएपछि माग एक्कासी बढेको लामिछानेले बताउनुभयो। "आधा सिलिन्डर आउँदा अभाव थिएन। उपभोक्तालाई चाहिएको समयमा ग्यास पाइन्छ भन्ने विश्वास भएकाले धेरै मौज्दात पनि गर्नुभएको थिएन। तर पूरा सिलिन्डर आउन थालेपछि उपभोक्ताले ग्यास भण्डारण गर्न थाले", उहाँले भन्नुभयो । पोखरामा गृहलक्ष्मीसहित, शक्ति, बाबा, जानकीलगायतका ग्यास कम्पनीका सिलिन्डर बिक्री हुँदै आएको छ। कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्ग गत बराललले १४.२ केजीको पूरा सिलिन्डर वितरण सुरु भएपछि देशभर ग्यासको माग एकैपटक बढ्दा बजारमा केही असहजता सृजना भएको बताउनुभयो।

बढ्दो माग र आपूर्तिबीच सन्तुलन कायम गर्न आपूर्ति तथा वितरण प्रणालीलाई प्रभावकारी बनाउने गरी काम भइरहेको उहाँले जानकारी दिनुभयो । उहाँले उपभोक्तालाई आवश्यकताभन्दा बढी ग्यास सिलिन्डर भण्डारण नगर्न आग्रह गर्नुभयो।

प्रशासनले ग्यास आपूर्ति सहज बनाउन र उपभोक्ताको सास्ती कम गर्न पछिल्लो समय किराना पसलबाट समेत ग्यास बिक्री गर्ने व्यवस्था मिलाएको जनाएको छ। "ग्यास आइरहेको छ।

आज पनि पोखरामा जानकीले तीन हजार ५०० सिलिन्डर पठाउँदैछ । बजारमा त्यस्तो अभाव हुनुपर्ने अवस्था होइन । मौज्दातका कारण समस्या देखिएको हो", बराललले भन्नुभयो। प्रशासनले जिल्लामा पर्याप्त एलपी ग्यास आपूर्ति सुनिश्चित गर्न जिल्लाभित्र र बाहिर रहेका ग्यास उद्योग तथा नेपाल आयल निगमसँग समन्वय गरिरहेको जनाएको छ।

## नयाँ ठेक्काबाट घुमाउने पुल निर्माण हुन्छः अर्थमन्त्री डा वाग्ले

**पोखरापत्र संवाददाता**
दमौली, २७ साउन



अर्थमन्त्री डा स्वर्णिम वाग्लेले घुमाउने पुलको निर्माण कार्य नयाँ ठेक्काबाट हुने बताउनुभएको छ । तनहुँको आँबुखैरेनी गाउँपालिका-३ मा बुधबार आयोजित भेटघाट कार्यक्रममा उहाँले घुमाउने पुल निर्माणको ठेक्का तोडिसकिएकाले अब नयाँ ठेक्कामार्फत पुलको काम निर्माण हुने उल्लेख गर्नुभयो।

विगतमा सांसद हुँदा आँबुखैरेनी गाउँपालिका र भरतपुर महानगरपालिका जोड्ने घुमाउने पुलका बारेमा आफूले धेरै चासो राखेको स्मरण गर्दै अर्थमन्त्री वाग्लेले संसद्मा पनि त्यसबारेमा पटक-पटक बोलेको बताउनुभयो। कहिले बाढी आएर पुलमा क्षति पुऱ्याएको, कहिले डिजाइन परिवर्तन गर भनेर दबाब दिने जस्ता कारणबाट पुल निर्माणमा ढिलाइ भएको उल्लेख गर्दै उहाँले उक्त पुलको ठेक्का तोड्ने काम भएकाले अब नयाँ ठेक्कामार्फत पुल निर्माण हुने बताउनुभयो । पूर्वाधार विकासमन्त्रीलाई भेटेरै घुमाउने पुल जसरी पनि सुरु गर्नु भनेर भनिसकेको बताउँदै अर्थमन्त्री वाग्लेले भन्नुभयो, "खरिद ऐन नै संशोधन गरी विकास निर्माणलाई गुणस्तरीय बनाउन प्रयास गरेका छौँ।" आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले पालिकाको समग्र विकासका लागि अत्यावश्यक बजेट विनियोजनका लागि अर्थमन्त्रीको ध्यानाकर्षण गराउनुभयो । त्यसक्रममा उहाँले पूर्वाधार निर्माण, सडक सञ्जाल विस्तार तथा पर्यटन क्षेत्रको प्रवर्द्धनलगायत स्थानीय तहका प्राथमिकतामा विषयमा ध्यानाकर्षण गराउनुभयो।

## सेती पुल निर्माणले गति लियो

**पोखरापत्र संवाददाता**
पोखरा, २७ साउन



पोखरा-मुग्लिन सडक आयोजनाअन्तर्गत पोखराको सेती नदीमा निर्माणाधीन 'सिग्नेचर' पुलको भौतिक प्रगति ७० प्रतिशत पुगेको छ।

विसं २०७९ साउनमा ठेक्का सम्झौता भएको उक्त पुल निर्माणमा सुरुमा केही ढिलाइ भए पनि पछिल्लो समय कामले गति लिएको हो । गत जेठमा निर्माणाधानीन पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले

बाँकी अन्तिम पृष्ठमा ▶▶

## अग्निपथ मार्फत नेपाली युवालाई भारतीय सेनामा भर्ती खुलाउन माग


**पोखरापत्र संवाददाता**
कास्की, २७ साउन



भारतीय सेनामा नेपाली युवाको भर्ती प्रक्रिया पुनः सुरु गर्न माग गर्दै पोखरामा भारतीय भूतपूर्व सैनिक गोर्खा ब्रिगेड नेपालले प्रदर्शन गरेको छ । भारतीय सेनाको अग्निपथ योजनाअन्तर्गत नेपाली युवालाई भर्ती हुने अवसर खुला गर्नुपर्ने तथा 'सैनिक' शब्द प्रयोग भएका भूतपूर्व सैनिकका संघ-संस्थाको नवीकरण रोकिएको विषय तत्काल सम्बोधन गर्नुपर्ने माग राख्दै पूर्वगोर्खा सैनिकहरू प्रदर्शनमा उर्त्रिनु भएको हो।

उहाँहरुले पोखराका विभिन्न क्षेत्रबाट ऱ्याली निकाल्दै कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङमार्फत प्रधानमन्त्री बालेन्द्र शाह र गृह मन्त्रालयसमक्ष ज्ञापनपत्र पठाउनु भएको हो। भारतीय भूतपूर्व सैनिक गोर्खा ब्रिगेड नेपाल, पोखराका अध्यक्ष कर्णेल कृष्णबहादुर खत्रीले नेपाली युवालाई भारतीय सेनामा भर्ती हुने पुरानो परम्परा र अवसरलाई निरन्तरतादिनुपर्नेमागगर्नुभयो।उहाँले अग्निपथ योजनाअन्तर्गत नेपाली युवालाई समेत भर्तीको अवसर दिन भारत सरकारसँग आवश्यक पहल गर्न नेपाल सरकारसँग जोडदार माग गर्नुभयो । ज्ञापनपत्र बुझ्दै प्रजिअ गुरुङले प्राप्त मागपत्र तत्काल प्रधानमन्त्री तथा सम्बन्धित निकायमा पठाउने व्यवस्था गर्ने बताउनुभयो । पूर्वसैनिकहरूले आफ्ना माग तत्काल सम्बोधन नभए थप सशक्त आन्दोलनमा जाने चेतावनी समेत दिएका छन्। भारतीय सेनामा नेपाली युवाको भर्ती प्रक्रिया लामो समयदेखि रोजगारीको एउटा महत्वपूर्ण माध्यमका रूपमा रहँदै आएको उल्लेख गर्दै उहाँले सन् २०२२ मा भारतले अग्निपथ योजना लागू गरेपछि नेपाली युवाको भर्ती प्रक्रिया रोकिएको र त्यसले ठूलो संख्यामा युवालाई रोजगारीको अवसरबाट वञ्चित गरेको उहाँको भनाइ छ। अध्यक्ष खत्रीले अग्निपथअन्तर्गत चार वर्ष सेवा गर्ने युवामध्ये निश्चित प्रतिशतलाई स्थायी सेवामा राख्ने र बाँकीलाई सेवा सुविधासहित अवकाश दिने व्यवस्था रहेको उल्लेख गर्दै नेपाल सरकारले समेत आवश्यक पहल गरे नेपाली युवाले रोजगारीको अवसर पाउने दाबी गर्नुभयो। उहाँले अग्निपथबाट सेवा पूरा गरेर फर्किएका युवालाई नेपाली सेना, सशस्त्र प्रहरी बल तथा नेपाल प्रहरीमा समेत उपयोग गर्न सकिने धारणा राख्नुभयो। यसबाट राज्यले नयाँ जनशक्ति भर्ती र तालिममा गर्ने खर्चसमेत बचत गर्न सक्ने उहाँको तर्क छ । ऱ्यालीमा उहाँहरुले अग्निपथ अन्तर्गत नेपाली युवाहरूलाई भारतीय सेनामा भर्ती गर, गृह मन्त्रालयको पत्र बदर गर, भूपू सैनिकका आवाज सम्बोधन गर, दुई दशक लामो ईतिहास कायम राख लगायतका प्लेकार्ड प्रदर्शन समेत गर्नु भएको थियो। 'देशमा बढ्दो बेरोजगारी समस्या समाधानमा भारतीय सेनाको भर्ती केन्द्रले लामो समयदेखि केही हदसम्म योगदान गर्दै आएको छ,' उहाँले भन्नुभयो, 'गोर्खालीको २ सय ११ वर्ष पुरानो भर्ती परम्परा र त्यससँग जोडिएको इतिहासलाई हामी तत्काल गुमाउन चाहँदैनौँ।' उहाँले भारतले अग्निपथ योजनालाई परीक्षणका रूपमा अघि बढाइरहेको उल्लेख गर्दै नेपाली युवाको सहभागिता सुनिश्चित गर्न नेपाल सरकारले तत्काल कूटनीतिक पहल गर्नुपर्ने बताउनुभयो। नेपाली युवालाई भर्तीको अवसर गुम्दै गए त्यसले रोजगारीसँगै भूतपूर्व सैनिकका नाममा नेपालमा प्राप्त हुँदै आएका विभिन्न कल्याणकारी कार्यक्रम र आर्थिक गतिविधिमा समेत असर पर्न सक्ने उहाँको दाबी छ। पूर्वसैनिकहरूले भारतीय सेनामा भर्तीको विषयसँगै देशभर 'सैनिक' शब्द प्रयोग भएका भूतपूर्व सैनिकका संघ-संस्थाको नवीकरण रोकिएको विषयमा पनि आपत्ति जनाएका छन्।

उनीहरूले गृह मन्त्रालयको निर्देशनका कारण विगत दुई वर्षदेखि कतिपय संघ-संस्थाको नवीकरण रोकिएको भन्दै त्यसलाई तत्काल सहज बनाउन माग गरेका छन् । नेपाली सेनाका भूतपूर्व सैनिक मात्र नभई भारत, बेलायत तथा सिंगापुरका भूतपूर्व सैनिकसमेत नेपालमा विभिन्न सामाजिक संघ-संस्थामार्फत सक्रिय रहेको भन्दै सबैलाई एउटै दृष्टिले हेर्न नहुने उहाँहरूको भनाइ छ।



# 'अन्नपूर्ण र मनास्लु संरक्षण क्षेत्रको व्यवस्थापनको जिम्मा प्रदेश मातहतमा हुनुपर्छ'

**पोखरापत्र संवाददाता**
पोखरा, २७ साउन

गण्डकी प्रदेश सरकारले विकास निर्माण र अधिकार क्षेत्रमा देखिएका विभिन्न १६ कानुनी तथा प्रशासनिक जटिलता हटाउन सङ्घीय सरकारको ध्यानाकर्षण गराउने भएको छ।

प्रदेश विकास समस्या समाधान समितिको १५औँठकले विभिन्न १६ समस्या राष्ट्रिय विकास समस्या समाधान समितिमा पेस गर्ने निर्णय गरेको हो। मंगबार बसेको सो बैठकले मुख्यतया कर प्रणाली, प्राकृतिक स्रोतको बाँडफाँट र प्रशासनिक क्षेत्राधिकारका विषयलाई प्राथमिकतामा राखेको छ। बैठकमा सङ्घीयता कार्यान्वयनमा देखिएका व्यावहारिक गाँठो फुकाउन केन्द्र सरकारसँग माग गर्ने निर्णय भएको गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले जानकारी दिनुभयो।

बैठकले कृषि आयमा कर लगाउने संवैधानिक अधिकार स्पष्ट पार्न सङ्घीय सरकारसँग माग गर्ने निर्णय गरेको छ।

कृषि फार्महरूमार्फत कर उठाउँदा सृजना भएको अन्योल हटाउन नीतिगत स्पष्टता आवश्यक रहेको उहाँले बताउनुभयो। त्यस्तै सवारी जरिवानाबापतको रकम हाल सङ्घीय सञ्चित कोषमा जम्मा हुने गरेको छ। त्यसलाई प्रदेश सञ्चित कोषमा ल्याउन र प्रहरी कार्यालयमार्फत हुने असुलीलाई प्रदेशमातहत ल्याउन कानुनी व्यवस्था मिलाउनुपर्ने माग अघि सारिएको छ। सरकारी कामकाजमा प्रयोग हुने जिआइओएमएस, टिएसए र आरएमआइएसजस्ता विद्युतीय प्रणालीलाई समयसापेक्ष परिमार्जन र सुदृढीकरण गर्नुपर्ने विषयलाई पनि कार्ययोजनामा राखिएको छ। ढुङ्गा, गिट्टी र बालुवा जस्ता नदीजन्य सामग्रीको बिक्रीबाट प्राप्त हुने राजस्व बाँडफाँटमा देखिएको विवाद सुल्झाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) संशोधनको प्रस्ताव गरिएको छ। सडक पूर्वाधार निर्माणका क्रममा आसपासका जग्गाबाट निकालिने सामग्रीको रोयल्टी प्रदेश कानुनबमोजिम हुनुपर्ने माग गरिएको छ। यसका लागि सार्वजनिक सडक ऐन, २०३१ मा परिमार्जन गर्नुपर्ने बैठकको निष्कर्ष छ। "सडक र वन ऐनबीच तालमेल नमिल्दा विकासका काम रोकिएका छन्, यसलाई राष्ट्रिय समन्वय परिषद्मा लैजानेछौँ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो। गण्डकी प्रदेशले आफ्नो क्षेत्रभित्र पर्ने अन्नपूर्ण र मनास्लु संरक्षण क्षेत्रको व्यवस्थापन जिम्मा आफैँले पाउनुपर्ने माग पुनः दोहोर्‍याएको छ।

यसअघि पटक-पटक आग्रह गर्दा पनि निर्णय नभएकाले यसपटक एकीकृत सहव्यवस्थापनको स्पष्ट मोडालिटीसहित अधिकार हस्तान्तरणका लागि अनुरोध गर्ने निर्णय भएको छ।

सामुदायिक वनबाट प्राप्त हुने आम्दानीको हिस्सा प्रदेश सञ्चित कोषमा दाखिला गर्ने सम्बन्धमा सङ्घीय र प्रदेश ऐनबीचको विरोधाभास अन्त्य गर्नुपर्ने विषयलाई प्राथमिकता दिइएको छ।

सञ्चार क्षेत्रमा देखिएको दोहोरो झन्झट हटाउन प्रदेशबाटै अनलाइन सञ्चारमाध्यमको दर्ता र नवीकरण गर्ने व्यवस्था मिलाउन पनि सङ्घ सरकारसँग माग गर्ने निर्णय भएको छ। यसका लागि सङ्घीय नीतिगत अवरोध हटाउनका लागि राष्ट्रिय विकास समस्या समाधान समितिमा पेस गर्ने निर्णय गरिएको मुख्यमन्त्री पाण्डेले जानकारी दिनुभयो।

यातायाततर्फ अन्तर-प्रदेश रुट इजाजत दिने अधिकार प्रदेश मातहतका कार्यालयलाई प्रत्यायोजन गर्नुपर्ने विषय पनि सङ्घलाई बुझाउने निर्णय गरिएको उहाँले बताउनुभयो।

# तनहुँमा ग्यास आपूर्ति सहज बनाउन प्रशासनको पहल

**पोखरापत्र संवाददाता**
तनहुँ, २७ साउन

तनहुँमा खाना पकाउने ग्यासको आपूर्ति सहज बनाउन जिल्ला प्रशासन कार्यालयले सम्बन्धित ग्यास उद्योग तथा सङ्घीय निकायसँग समन्वय गरी आपूर्ति बढाउन पहल गरेको छ।

जिल्लाका विभिन्न स्थानमा ग्यासको अभाव देखिन थालेपछि प्रशासनले उद्योगसँग प्रत्यक्ष समन्वय गर्दै तत्काल आपूर्ति बढाउन आग्रह गरेको हो।

प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीका अनुसार देवघाट क्षेत्रमा ग्यासको अभाव भएको जानकारी प्राप्त भएपछि चितवनमा रहेको सम्बन्धित ग्यास उद्योगमा फोन गरी जिल्लामा ग्यासको आपूर्ति बढाउन आग्रह गरिएकोछ। उपभोक्ताले सहज रूपमा ग्यास पाउने वातावरण बनाउन उद्योगसँग आवश्यक समन्वय गरिएको उहाँले बताउनुभयो। दमौलीमा क्षेत्रमा समेत ग्यासको आपूर्तिमा समस्या देखिएको जानकारी प्राप्त भएपछि तीन जना ग्यास डिलरका सञ्चालकले प्रत्यक्ष फोन गरी अवस्थाबारे जानकारी गराएका थिए।

डिलर सञ्चालकबाट ग्यास अभावबारे जानकारी आएलगत्तै प्रजिअ तिवारीले सम्बन्धित ग्यास उद्योगलाई दमौलीका लागि आपूर्ति बढाउन आग्रह गर्नुभएको हो। प्रजिअ तिवारीका अनुसार ग्यासको माग र आपूर्तिबीच सन्तुलन नमिल्दा कतिपय स्थानमा उपभोक्ताले अभाव झेल्नुपर्ने अवस्था छ। त्यसलाई तत्काल सम्बोधन गर्न स्थानीयस्तरमा मात्र नभई सङ्घीय तहमा समेत समन्वय गरिएको उहाँले बताउनुभयो।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिवसँग समेत कुराकानी गरी तनहुँको ग्यास आपूर्तिको अवस्थाबारे जानकारी गराइएको छ।

जिल्लाका विभिन्न स्थानमा देखिएको अभाव, डिलरहरूले भोगिरहेको आपूर्ति समस्या तथा उपभोक्ताले ग्यासका लागि समस्या झेल्नुपरेको अवस्थाबारे सहसचिवलाई जानकारी गराउँदै जिल्लामा आपूर्ति बढाउने गरी आवश्यक पहल गरिदिन आग्रह गरिएको प्रजिअ तिवारीले बताउनुभयो। उहाँका अनुसार खाना पकाउने ग्यास सर्वसाधारणको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएको अत्यावश्यक वस्तु भएकाले जिल्लामा नियमित र सहज आपूर्ति सुनिश्चित गर्न प्रशासनले सम्बन्धित निकायसँग निरन्तर समन्वय गरिरहेको छ। प्रशासनले बजारमा ग्यासको कृत्रिम अभाव सृजना गर्ने, लुकाउने वा कालोबजारी गर्ने गतिविधि हुन नदिनसमेत निगरानी बढाउने जनाएको छ। आपूर्ति व्यवस्थामा देखिएको समस्या समाधानका लागि ग्यास उद्योग, डिलर तथा सम्बन्धित सरकारी निकायबीच प्रभावकारी समन्वय आवश्यक देखिएको छ।

# कामना टोल विकासमा कुलप्रसाद र आमा समुहमा पञ्चकुमारी

**पोखरापत्र संवाददाता**
पोखरा, २७ साउन

पोखरा महानगरपालिका वडा न १३ स्थित कामना टोल विकास संस्थाको १६ औ साधारण सभा तथा आठौं अधिवेशन हालै सम्पन्न भयो। अधिवेशनले कुलप्रसाद गुरुङको अध्यक्षमा नयाँ कार्यसमिति चयन गरेको छ।

संस्थाको उपाध्यक्षमा शंकर सापकोटा, सचिवमा अनिता गुरुङ, कोषाध्यक्षमा मिन वहादुर गुरुङ र सहसचिवमा चेलि गुरुङ चयन भएका छन्। त्यसैगरी सदस्यहरुमा क्रमश दिलवहादुर गुरुङ, सन्तोष गुरुङ, मेयर सिंह गुरुङ, मनवहादुर राना, मेघन वहादुर गुरुङ, मियर सिङ गुरुङ, देवी गुरुङ र सुस्मिता विक रहेका छन्। सोही दिन







कामना टोल विकास आमा समुहको अध्यक्षमा पञ्चकुमारी गुरुङ, उपाध्यक्षमा सविता सापकोटा,सचिवमा कविता गुरुङ, कोषाध्यक्षमा सरस्वती गुरुङ, सहसचिवमा राजकुमारी गुरुङ चयन भएका छन्। त्यसैगरी सदस्यहरुमा क्रमश तारा भण्डारी, डिल कुमारी गुरुङ, सुनिता गुरुङ, परिमा गुरुङ, रुविना गुरङ र आइत कुमारी गुरुङ रहेका छन्।

नयाँ कार्यसमितिले टोलको भौतिक तथा सामाजिक विकाससँगै सरसफाइ, वातावरण संरक्षण, सामाजिक सद्भाव, स्थानीय पूर्वाधार निर्माण तथा समुदायका साझा समस्या समाधानमा सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाएको छ।

टोल विकास संस्था स्थानीय समुदायलाई एकताबद्ध गर्दै विकास निर्माणमा नागरिकको सहभागिता बढाउने महत्वपूर्ण माध्यमका रूपमा स्थापित हुँदै आएको छ। यसैबीच संस्थाले टोलमा रहेका ज्येष्ठ नागरिक, महिला, बालबालिका तथा युवालाई सम्मान गरेको छ। वडा नं १३ का वडा सदस्य बलवहादुर वरालले साधारण सभाको उद्घाटन गर्दै सकारात्मक सोचका साथ सवै एक जुट भएर अगाडि बढ्नु पर्ने धारणा राखे।

कामना टोल विकास संस्थाका अध्यक्ष सिताराम गुरुङको अध्यक्षमा भएको कार्यक्रममा सस्थाका पूर्व अध्यक्ष शेरजङ्ग गुरुङ, समाजसेवीहरु क्रमश विष्णु कर्की, निर्मला गुरुङ, शिक्षाविद कृष्णप्रसाद सापकोटा र पोखरापत्र दैनिकका कार्यकारी सम्पादक शोभाकान्त सिग्देल लगायत वोलेको कार्यक्रममा कुलप्रसाद गुरुङले स्वागत र संचालन सविता सापकोटाले गरेकी थिइन्।

# सेती ...

पुलेका निरीक्षण गरी निर्धारित समयमै काम सक्न आयोजना कार्यालय र निर्माण कम्पनीलाई। "बिहीबारदेखि स्ल्याब ढलानको काम सुरु हुन्छ", उहाँले भन्नुभयो, "पुलमा रहेका चारवटै टावरमा पनि ७५ प्रतिशत काम सकिएको छ।" थपिएको म्यादभित्रै काम सक्ने गरी निर्माण कम्पनीलाई सहजीकरण गरिएको प्रमुख इन्जिनियर कुँवरले बताउनुभयो। 'डाउनस्ट्रिम'तर्फको ढलानपछि 'अपस्ट्रिम'मा टावर निर्माण र पाइप जडानको काम सुरु हुने उहाँको भनाइ छ।

भ्याटबाहेक रु. ९४ करोडको ठेक्कामा रसुवा कन्स्ट्रक्सनले पुल निर्माणको काम गरिरहेको हो। यसअघि मापदण्डभित्रका संरचना समयमा नहटाउँदा पुल निर्माणको काम पनि सुस्त भएको थियो। पुलका लागि चाहिने केबललगायतका सामग्री विदेशबाट ल्याउनुपर्ने भएकाले पनि काममा ढिलाइ हुँदै आएको थियो। 'केबल-स्टेड' प्रविधिको उक्त पुल एसियाली विकास बैङ्कको ऋण सहयोगमा सडक विभागमार्फत निर्माण भइरहेको हो। छ लेनको उक्त सडकमा अहिले रहेको चाइना पुलको तल र माथि गरि आकर्षक बनावटका दुईवटा 'सिग्नेचर' पुल बन्ने प्रमुख इन्जिनियर कुँवरले बताउनुभयो।

पुरानो प्रविधिको भन्दा अहिले बनाउन लागि पुल डिजाइनका हिसाबले आकर्षक रहेको जनाइएको छ। 'सिग्नेचर' पुल बनेपछि पर्यटकीय राजधानी पोखराको आकर्षण पनि बढ्नेछ। एक सय ९० मिटरको उक्त पुल निर्माणमा कङ्क्रिट र फलामको प्रयोग भएको प्रमुख इन्जिनियर कुँवरले बताउनुभयो।

पुल निर्माणपूर्व विदेशी प्राविधिकसहितको टोलीले पुलको डिजाइन गरेको थियो। पोखरा-मुग्लिन सडक विस्तार तथा स्तरोन्नति आयोजनाअन्तर्गत पोखराको सेती र तनहुँको मादी नदीमा सिग्नेचर पुल निर्माणाधीन अवस्थामा छन्।


## सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प वस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु वन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# शासनमाथि गरिने विवेकसम्मत प्रश्नले लोकतन्त्रलाई प्राण दिन्छ : राष्ट्रपति पौडेल

**पोखरापत्र संवाददाता**
पोखरा, २७ साउन

राष्ट्रपति रामचन्द्र पौडेलले शासनमाथि गरिने विवेकसम्मत प्रश्नले लोकतन्त्रलाई प्राण दिने बताउनुभएको छ। अन्तरराष्ट्रिय युवा दिवसका अवसरमा अनलाइन खबर डटकमद्वारा बुबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले शासनमाथि गरिने विवेकसम्मत प्रश्नले लोकतन्त्रलाई प्राण दिने बताउनुभएको हो।

राष्ट्रपति पौडेलले भन्नुभयो, "युवा भोलिको मात्र होइन आजकै साझेदार, सर्जक र परिवर्तनकर्ता हुनुहुन्छ। यो कुरा तपाईंहरूले व्यवहारबाटै प्रमाणित गरिसक्नुभएको छ। हामीले युवालाई 'देशको भविष्य' भनेर मात्रै पुग्दैन। आजको अर्थतन्त्र, राजनीति, प्रविधि, संस्कृति, अनुसन्धान र सार्वजनिक बहसमा युवाको उपस्थिति अहिले नै आवश्यक छ भन्ने म ठान्दछु। नयाँ पुस्तासँग ऊर्जा छ, प्रविधि छ, संसारसँग प्रत्यक्ष सम्पर्क छ। तर त्योभन्दा महत्त्वपूर्ण कुरा-प्रश्न गर्ने साहस छ।" राष्ट्रपति पौडेलले राष्ट्र निर्माणको लागि पुर्खाको गौरवपूर्ण इतिहासको सम्मान गर्दै अनुभवहरूबाट सिकेर अघि बढ्ने युवा चाहिएको बताउनुभयो। उहाँले भन्नुभयो, "अर्थतन्त्रलाई नयाँ विचार दिने युवा, विज्ञानलाई जिज्ञासु युवा चाहिने स्पष्ट पार्नुभयो। समाजलाई विभेद स्वीकार नगर्ने युवा चाहिन्छ।" राष्ट्रपति पौडेलले प्रविधि प्रयोग गर्न तर विवेकलाई प्रविधिको जिम्मा नछोड्न युवालाई आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, "विश्वसँग प्रतिस्पर्धा गर्नुहोस्, तर आफ्नो समाजसँगको सम्बन्ध कहिल्यै नतोड्नुहोस्। देशलाई तपाईंहरूको प्रतिभा मात्र होइन, तपाईंहरूको इमान्दारी पनि चाहिएको छ।" देशका गाउँ, सहर, विश्वविद्यालय, प्रयोगशाला, स्टार्टअप, खेत, अस्पताल, खेलमैदान, स्टुडियो र विदेशका विभिन्न कुनामा हजारौँ नेपाली युवा चुपचाप काम गरिरहेको उल्लेख गर्दै राष्ट्रपति पौडेलले भन्नुभयो, "आज यहाँ ४० मुनिका ४० मा छनोट नभएका ती सम्पूर्ण युवाको योगदान पनि उत्तिकै महत्त्वपूर्ण छ। त्यसैले यस्ता पारदर्शी, समावेशी र विविधताको मर्मअनुरूपका छनोट विधिले अवसर नपाएका, मूलप्रवाहको नजर नपुगेका र सीमित स्रोतबीच उल्लेखनीय काम गरिरहेका युवासम्म दृष्टि पुऱ्याउनेछ नै। यस प्रक्रियामा सहभागी निर्णायक मण्डल तथा सम्पूर्ण टोलीलाई पनि धन्यवाद दिन चाहन्छु।"

राष्ट्रपति पौडेलले पछिल्ला वर्षमा नेपालको सामाजिक र राजनीतिक बहसमा युवापुस्ताको आवाज अझ स्पष्ट र प्रभावशाली रूपमा सुनिन थालेको भन्दै यो उपस्थितिलाई पुस्तान्तरणका रूपममा मात्रै नभई विचार र कार्यशैलीको नवीकरणका रूपमा पनि विकास गर्न सक्नुपर्ने बताउनुभयो। राष्ट्रको भविष्य कुनै एउटा भाषण, एउटा योजना वा एउटा पुस्ताले मात्र नबनाउने उल्लेख गर्दै उहाँले भन्नुभयो, "हरेक पुस्ताले आफ्नो हिस्साको भविष्य निर्माण गर्छ। अब तपाईंहरूको पालो छ। एउटै आग्रह-आवेगको धनी हुनुहुन्छ, यसमा विवेक थप्न अझ मेहनत गरौँ।" नेपाल विविध विचार, भाषा, संस्कृति र पहिचानको साझा घर भएको बताउँदै राष्ट्रपति पौडेलले भन्नुभयो, "यहाँ फरक मतहरू स्वतन्त्र रूपमा फुल्न पाउनुपर्ने छ। असहमति लोकतन्त्रको कमजोरी होइन, जिम्मेवार असहमति लोकतन्त्रको शक्ति हो। यही शक्तिले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई आफ्नो लक्ष्यमा पुऱ्याउँछ भन्ने मेरो बुझाइ छ।"

राष्ट्रपति पौडेलले संविधानले पूर्ण प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति गरेको बताउनुचभयो। स

वतन्त्र, निष्पक्ष र सत्यमा आधारित पत्रकारिता, तथ्यमा आधारित बहस र प्रश्न गर्न सक्ने नागरिक समाजले नै लोकतन्त्रलाई जीवन्त राख्ने उल्लेख गर्दै उहाँले भन्नुभयो, "लोकतन्त्रबिना स्वतन्त्र र निष्पक्ष पत्रकारिता सम्भव छैन भन्ने पनि हामीले बिर्सन हुन्न। राज्यका सबै अङ्गले यसको मर्मलाई आत्मसात् गर्दै अघि बढ्नुपर्छ भन्ने म ठान्दछु। यही दर्शनका लागि सङ्घर्ष गर्दागर्दै मैले आफ्नो जीवनको महत्वपूर्ण समय बिताएको म स्मरण गर्न चाहन्छु।"

राष्ट्रपति पौडेलले प्रविधिको विकाससँगै सूचना प्रवाहको प्रतिस्पर्धा गर्ने तीव्र होडबाजीले जनतालाई मिथ्या सूचना सम्प्रेषण गरेर दिग्भ्रमित पार्ने चुनौती देखिएको भन्दै अनलाइनखबरजस्ता जिम्मेवार सञ्चारमाध्यमलाई यस्तो चुनौतीको सामना गरेर जनतासम्म सही सूचना पुऱ्याउने सफलता प्राप्त होस् भन्ने शुभकामना पनि दिनुभयो।


**रक्तदान जीवनदान**
**जीवनदान महादान**



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।

– पल क्लिथेरोई

## सम्पादकीय

# प्रभावहीन नहोस सदन

संसद्मा हुने छलफल र बहसमा सरकारले महत्त्व नदिएपछि संसदका कुर्सी खाली हुने गरेका छन।नयाँ जोस र केही सिक्ने आशा लिएर आएका सांसदहरु नै निराश हुन थालेका छन । विपक्षी दलका सांसदहरूले प्रधानमन्त्री बालेन्द्र शाहका गैरजिम्मेवार अभिव्यक्ति सच्याउन दुई महिनादेखि कराउँदै आएका छन।प्रधानमन्त्री सदनमा आएर सांसदहरूका प्रश्नको उत्तर दिन तयार छैनन् । आफुलाई प्रधानमन्त्री बनाउने प्रतिनिधिसभामा आउन र कुरा सुन्न नचाहने प्रधानमन्त्री बालेनका कारण सदन खल्लो भएको छ । सत्तारूढ दलका सांसदहरू द्यापद्यापे भएका छन । जनतामा सरकारप्रति चरम निराशा छ । खाना पकाउने ग्याँस नपाएर लाइनमा बसेको हप्तौं भयो।मल नपाएर किसान हैरान छन। महंगी चौपट्टै बढेको छ।

सरकारले सांसदहरूको कुरा नसुनेपछि संसद नै बंक हान्न थालेका छन । सदनलाई गतिशील र प्रभावकारी बनाउने कामको अगुवाइ सभामुखले गर्नुपर्नेमा प्रधानमन्त्रीलाई निर्देशन दिन नसक्दा गतिहीन भएको छ।सत्ता पक्ष र विपक्षी सांसदहरूबीच रोचक बहस र छलफल हुने वातावरण बनाउन नसक्दा सदनको गरिमा बढ्दैन । सदनलाई काम दिएर व्यस्त बनाउनुपर्ने सरकारले सदनको महत्त्व नै बुझ्न सकेन । सदनको बिजनेसलाई सहज रूपमा अघि बढाउने मुख्य जिम्मेवारी सत्ता पक्षको भए पनि मंगलबारको प्रतिनिधिसभा बैठक सांसदहरूको अनुपस्थितिका कारण प्रभावित भएको छ । 'खानी तथा खनिज पदार्थ विधेयक, २०८३' माथि विचार गरियोस् भन्ने प्रस्ताव निर्णयार्थ पेश गर्ने महत्त्वपूर्ण कार्यसूची रहेका बेला गणपूरक संख्या नपुगेपछि बैठक स्थगित हुन पुग्यो । बैठकमा नेपाली कांग्रेसका सांसद निश्कल राईले सांसदको संख्या न्यून रहेको भन्दै गणपूरक संख्यामाथि प्रश्न उठाएका थिए । त्यसपछि सभामुख डोलप्रसाद अर्यालले तीन मिनेटसम्म घण्टी बजाएर सांसदको उपस्थिति गणना गर्न निर्देशन दिएका थिए । गणनाका क्रममा ६९ जना सांसद हुनुपर्नेमा जम्मा ६१ जना मात्र उपस्थित देखिएपछि बैठक स्थगित गर्नु परेको थियो ।

पुराना दललाई गाली गरेर आएका र सदनको काममा खट्छौ भन्ने रास्वपालाई गतिलो झापड हो। गणपूरक संख्या नपुगेका कारण अब यो विधेयकमाथिको छलफल र संशोधनको प्रक्रिया एक सातापछि अर्थात् भदौ १ गतेसम्मका लागि रोकिएको छ। सदनमा सांसदहरूको उपस्थिति न्यून देखिएपछि सत्तापक्षकै सांसदहरूले सामाजिक सञ्जालमार्फत सार्वजनिक रूपमा आत्मालोचना गरेका छन् । रास्वपाका सांसद गणेश कार्कीले यस घटनालाई 'लाजमर्दो' भन्दै माफी मागेका छन् । उनले लेखेका छन्, 'पारित गराउनुपर्ने हामीले नै थियो, तर संसदमा हामी थोरै भयौँ । कोरम सम्म पुगेन । लाज मान्नुपर्ने ठाउँ यहीँ हो । म आफू दिनभर सदनमा उपस्थित भएको भए पनि अन्यको अनुपस्थितिका कारण माफी माग्छु । गनौं भनेर हाम्रो स्वभाव सार्वजनिक गरिदिएकोमा सांसद निश्कल राईलाई धन्यवाद ।

संसदमा विपक्षीले सरकारको गलत रवैयाको विरोध गर्दा सत्ता पक्षका सांसदहरूले आनन्द मान्ने अवस्था आउनु सरकारको अयोग्यता हो। यस्तै, रास्वपाकै अर्का सांसद गोविन्द पन्थीले पनि उपस्थितिको तथ्याङ्क प्रस्तुत गर्दै सबै सांसदहरूलाई जिम्मेवार बन्न आग्रह गरेका छन् । २७५ सदस्यीय सदनमा जम्मा ६१ जना मात्र उपस्थित हुनुलाई उनले गम्भीर प्रश्नका रूपमा उठाएका छन् । सांसद पन्थीले लेखेका छन्, 'सत्तापक्ष अझ बढी जिम्मेवार हुनुपर्छ, किनकि विधेयक पास गर्ने जिम्मेवारी हाम्रै थियो । उनले संसद् केवल हाजिरी लगाउने ठाउँ नभएर जनताको आवाज सुन्ने र कानुन बनाउने सर्वोच्च थलो भएको उल्लेख गर्दै आगामी दिनमा जिम्मेवार बन्न सबै सांसदहरूलाई अपिल गरेका छन् । रास्वपा सांसदहरूले संसदीय दलको बैठक बोलाउन नेतृत्वलाई दबाब दिएर चार महिनामै सरकार किन अलोकप्रिय बन्यो भन्ने प्रश्न नगर्ने हो भने संसदको प्रभावकारिता हराउने र सांसदहरू असान्दर्भिक हुँदै जानेछन् ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बड्ने |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : स्वास्थ्यमा सुधार |
| ककर्ट | : मानसिक तनाब | मकर | : आर्थिक समस्या |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# 'द एभरेस्ट ड्रीम'ले अमेरिकामा जित्यो उत्कृष्ट डकुमेन्ट्री फिल्म अवार्ड

**रासस**
काठमाडौं, २७ साउन

निर्देशक तथा पत्रकार गणेश पाण्डेद्वारा निर्देशित डकुमेन्ट्री फिल्म 'द एभरेस्ट ड्रीम' ले अमेरिकाको जर्जियास्थित कोब इन्टरनेसनल फिल्म फेस्टिभलमा बेस्ट डकुमेन्ट्री फिल्म अवार्ड जितेको छ ।

यही साउन २१ देखि २४ गतेसम्म जर्जियाको मारिएट्टा सहरमा आयोजना भएको महोत्सवमा नेपालबाट 'द एभरेस्ट ड्रीम' मात्र छनोट भएको थियो । महोत्सवका कार्यकारी निर्देशक तथा फेस्टिभल डाइरेक्टर डा रिचर्ड टाभेनारोका अनुसार संसारभरबाट प्राप्त फिल्महरूको प्रतिस्पर्धामा 'द एभरेस्ट ड्रीम'ले उत्कृष्ट डकुमेन्ट्री फिल्मको अवार्ड प्राप्त गरेको हो । ब्रेन इन्जुरीबाट बाँचेका बेलायती नागरिकहरूको असाधारण सगरमाथा यात्रामा आधारित 'द एभरेस्ट ड्रीम'ले गम्भीर मस्तिष्क चोटपछि जीवनसँग सङ्घर्ष गरिरहेका व्यक्तिहरूले पुनः जीवनमा सपना देख्दै त्यसलाई पूरा गर्न गरेको प्रयासको कथा प्रस्तुत गरेको छ । डाक्टरहरूले पुनः सामान्य रूपमा हिँड्न, बोल्न वा दैनिक जीवनमा फर्किन कठिन हुने बताएका केही व्यक्तिहरूले हार नमानी नेपाल आएर सगरमाथा आधार शिविर पुग्ने सपना बोकेका थिए ।

द लिटिल शेर्पा फाउण्डेशनका जेम्स ल्याम्बको नेतृत्वमा पाँच जना ब्रेन इन्जुरीबाट बाँचेका व्यक्ति तथा उनीहरूका परिवारसहित सात जनाको टोली सगरमाथा आधार शिविर पुगेको थियो । यही असाधारण यात्रालाई निर्देशक पाण्डेले करिब डेढ वर्ष लगाएर डकुमेन्ट्रीमा प्रस्तुत गरेका हुन् ।

'द एभरेस्ट ड्रीम'मा एसोसिएट निर्मात्री शारदा गैरे, क्यामेरापर्सन सुरेश श्रेष्ठ र निरज पन्थी, सम्पादक ईश्वर कोइराला, सङ्गीतकार जुगल डङ्गोल र सन्दीप सरदार तथा न्यारेटर कौशल घिमिरेको योगदान रहेको छ । निर्देशक पाण्डेले ब्रेन इन्जुरीपछि पनि मानिसले आफ्नो जीवनमा नयाँ सपना देख्न सक्छ र त्यसलाई पूरा गर्न सक्छ भन्ने सन्देश विश्वभर पुऱ्याउन पाउनु नै सबैभन्दा ठूलो उपलब्धि भएको बताउनुभयो ।

# डाडाखेत-राहुघाट प्रसारण लाइन आयोजना: ८९ प्रतिशत भौतिक प्रगति

**रासस**
म्याग्दी, २७ साउन

म्याग्दीमा निर्माणाधीन १३२ केभी क्षमताको डाडाखेत-राहुघाट प्रसारण लाइन आयोजनाको तेस्रो पटक थपिएको म्याद सकिनै लाग्दा ८९ प्रतिशत भौतिक प्रगति भएको छ।

मालिका गाउँपालिका-७ डाडाखेतदेखि रघुगङ्गा गाउँपालिका-३ अम्बाङ जोड्ने २५ किलोमिटर लामो प्रसारण लाइन र दुवै ठाउँमा सबस्टेसन निर्माणका लागि सन् २०२१ को डिसेम्बर ३१ मा रु तीन अर्ब ५७ करोडमा लार्सन एन्ड टर्वो लिमिटेडसँग ठेक्का सम्झौता भएको थियो । पहिलो पटकको म्याद सन् २०२५ जुलाई १६ र दोस्रो पटकको म्याद नोभेम्बर १६ सम्ममा सकिएपछि २०२६ अगस्त १६ सम्मका लागि तेस्रो पटक म्याद थपिएको थियो । आयोजनाका सहायक प्रबन्धक इञ्जिनियर सुरज गुरुङले तेस्रो पटक थप भएको म्यादभित्र पनि ठेकेदारले काम सम्पन्न गर्न सक्ने अवस्था नदेखिएको बताउनुभयो । "आयोजनाका तर्फबाट ठेकेदारलाई ताकेता, सरोकारवालासँग समन्वय, सहजिकरण भइरहेपनि अझै चार/पाँच महिना लाग्ने देखिएको छ," उहाँले भन्नुभयो," प्रसारण लाइनको क्षेत्राधिकारमा पर्ने वन क्षेत्रमा रूख कटान आदेश प्राप्त नहुनु, राहुघाट सबस्टेसन निर्माण स्थलको कमजोर भूगोल, विपद्को जोखिम र केही टावर निर्माण स्थलमा स्थानीयको विवादका कारणले निर्माण अवधि लम्बिएको हो ।" म्याग्दी र राहुघाट वेसिनका जलविद्युत् आयोजनाबाट उत्पादन हुने विद्युत्लाई केन्द्रीय प्रणालीमा आबद्ध गराउन नेपाल विद्युत् प्राधिकरणले सो प्रसारण लाइन निर्माण गरिरहेको हो । कुल १३२ केभी क्षमताको डबल सर्किट प्रसारण लाइनको हालसम्म ८२ वटामा ८० वटाको जग निर्माण र ७२ वटा टावर खडा भएका छन् । प्रसारण लाइन र सबस्टेसनको उपकरण आयात भइसकेको छ । डाडाखेतको सबस्टेसनमा ९० प्रतिशत प्रगति भएको र २५ किलोमिटरमध्ये १२ दशमलव एक किलोमिटर प्रसारण लाइनको तार तान्ने काम सकिएको छ । डाडाखेत सबस्टेसनको भौतिक संरचना निर्माण सकेर परीक्षण कार्य भइरहेको आयोजना प्रमुख रोशन अग्रवालले बताउनुभयो ।

कुल ५१ रोपनी क्षेत्रफलमा निर्माण भएको डाडाखेत सबस्टेसनमा १३३/३३ केभी, ३० एमभिए क्षमता र एआइएस प्रविधिको उपकरण जडान भइरहेको छ। यस्तै, २२०/१३२/३३ केभी, २०० एमभिए क्षमताको उपकरण जडान हुने जिआइएस प्रविधिको राहुघाट सबस्टेसनमा उपकरण राख्ने र कार्यालयको भवन निर्माण अन्तिम चरणमा पुगेको छ। कुल रु चार अर्ब ८८ करोड लागत अनुमान गरिएको आयोजना निर्माणका लागि रु एक अर्ब पाँच करोड विद्युत् प्राधिकरण र रु तीन अर्ब ८२ करोड एसियाली विकास बैङ्कको ऋण लगानी छ । एसियाली विकास बैङ्कसँग भएको २७ मिलियन डलर ऋण सम्झौता पछिल्लो पटक बढाएर ३१ मिलियन डलर बनाइएको छ । एसियाली विकास बैङ्कले विद्युत् प्रसारण लाइन आधुनिकीकरण परियोजनामार्फत राहुघाट-डाडाखेत प्रसारण लाइन बनाउन ऋण लगानी गरेको हो । प्रसारण लाइनको मार्गाधिकार र टावर रहने २५ दशमलब ६२ हेक्टर सामुदायिक र राष्ट्रिय वन क्षेत्रको जग्गा प्रयोग गर्नका लागि २०८० फागुन ६ गतेको मन्त्रिपरिषद्ले बैठकले स्वीकृति दिएको दुई वर्ष दुई महिनापछि डिभिजन वन कार्यालयबाट गत जेठ महिनाको पहिलो साता कटान आदेश प्राप्त भएको थियो। आयोजना निर्माण स्थलमा तीन हजार ९३६ वटा रूख छन्। प्रसारण लाइनका ८२ वटा टावरमध्ये ४० वटा वन क्षेत्र र ४२ वटा व्यक्तिगत जग्गामा छन् । वन क्षेत्रको जग्गा प्रयोग गरेबापत आयोजनाले २०८१ असोजमा ५०४ रोपनी जग्गा खरिद गरी बिरुवा हुर्काउनका लागि पहिलो किस्ता बापतको रकम पनि उपलब्ध गराइसकेको थियो । म्याग्दी नदीमा १७२ दशमलव आठ मेगावाट क्षमताको चार वटा जलविद्युत् आयोजना निर्माणाधीन छन् । राहुघाटमा ३५ दशमलव पाँच मेगावाटको चिमखोला-राहुघाट-मङ्गले, ४८ मेगावाटको अपर राहुघाट, २१ दशमलव तीन मेगावाट क्षमताको ठूलोखोला र २३ दशमलव पाँच मेगावाट क्षमताको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजनाले उत्पादन थालेका छन् । ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजना निर्माणको अन्तिम चरणमा छन् । तुदी पावरले बनाएको चिमखोला-राहुघाट-मङ्गले र संयुक्त ऊर्जाको ठूलोखोला जलविद्युत् आयोजनाले अस्थायी टावर बनाएर २२० केभी क्षमताको कालीगण्डकी प्रसारण लाइनमा विद्युत् आपूर्ति गराएका छन् ।

# फलफूलको उत्पादन बढाउन किसानलाई अनुदान

**पोखरापत्र संवाददाता**
दमौली, २७ साउन

कृषि विकास कार्यालय, तनहुँले सुन्तलाको उत्पादन वृद्धि गर्न कृषकलाई आवश्यक सामग्रीमा अनुदान उपलब्ध गराएको छ।

आर्थिक वर्ष २०८२/८३ मा सुन्तला बगैँचा स्थापना तथा विस्तार कार्यक्रमअन्तर्गत पाँच हेक्टर क्षेत्रफलका लागि रु पाँच लाख ६९ हजार अनुदान उपलब्ध गराएको हो । कार्यालय प्रमुख परशुराम अधिकारीले उक्त वर्षमा अनुदानका लागि रु सात लाख ५० हजार बजेट विनियोजन भएको थियो । अनुदान कार्यक्रममार्फत छ सय ३९ रोपनी क्षेत्रफलमा नयाँ सुन्तलाको बगैँचा विस्तार हुने भएको छ । उक्त कार्यक्रमबाट सात वटा सहकारी तथा समूहमा आबद्ध एक सय २९ जना कृषक लाभान्वित भएको अधिकारीले जानकारी दिनुभयो । नयाँ बगैँचामा लगाइएका सुन्तलाका बिरुवाले उत्पादन दिन थालेपछि आगामी चार वर्षपछिबाट वार्षिक करिब दुई सय मेट्रिक टन फलफूल उत्पादन हुने अनुमान गरिएको छ । नयाँ बगैँचा विस्तारसँगै जिल्लामा सुन्तलाको उत्पादन क्षेत्र बढ्ने र कृषकको आयआर्जनमा समेत योगदान पुग्ने अपेक्षा गरिएको छ। यस्तै कार्यालयले सुन्तला बगैँचा सुदृढीकरण कार्यक्रम सञ्चालन गरेको छ। उक्त कार्यक्रमका लागि ५० हेक्टर क्षेत्रफलमा रु ३० लाख बजेट विनियोजन गरिएकामा रु २८ लाख ९९ हजार खर्च भएको छ।

## लिक्विडेटरको कार्यालयको सूचना

(प्रकाशित मितिः २०८३/०४/२८)

श्री जिल्ला प्रशासन कार्यालय कास्कीमा सामाजिक तथा परोपकारी संस्थाको रुपमा दर्ता कायम रहेको दर्ता नम्वर २९६६ भएको श्री क्षेत्रीय उकिकृत शत्रुजीव ब्यवस्थापन कृषक सहजकर्ता समिति प.क्षे. पोखरा नाम गरेको संस्थाका सदस्यहरुको मिती २०८३।०४।०३ मा सम्पन्न बिशेष साधरणसभाबाट बिशेष प्रस्ताव पारित गरी संस्थालाई स्वईच्छामा खारेज गर्ने निर्णय गरेकोले संस्थाको बिधानको दफा २९ को अधिनमा रही संस्था खारेजीको प्रकृया शुरु गरिएको छ । तसर्थ उक्त संस्थासँग कोही कसैको लेनदेन बाँकी भएमा तल उल्लेखित ठेगानामा आवश्यक प्रमाण सहित आजको मितीले १५ दिनभित्र दाबी पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। संस्थाको बिधानको दफा २९ मा व्यवस्था भए बमोजिम बाँकी दायित्व भुक्तान गरी बाँकी जायजेथा नेपाल सरकारको खातामा जम्मा गरिने भएकोले तोकिएको म्याभित्र दाबी नगरिएमा पछि कुनै दाबी नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वार सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

**लिक्विडेटर : दर्तावाल लेखापरीक्षक पदम बन्धु पोखरेल**
**पदम एण्ड एसोसियट्स**
**पोखरा महानगरपालिका वडा नं.–१७**
**यज्ञशालामार्ग बिरौटा**
**फोनः ०६१–४५६९६१ मोवाइल ९८५६०२८६१०**
इमेलः padam@padamandassociates.com.np

## निक्षेप उपरको हकदाबी सम्बन्धी ३५ दिने सूचना

(प्रकाशित मितिः २०८३/०४/२८)

श्री टेक बहादुर गुरुङकी बुहारी, श्री डम्बर बहादुर गुरुङकी पत्नी, कास्की जिल्ला, भलाम गा.वि.स वडा नं.८ स्थायी भई हाल पोखरा म.न.पा वडा नं. १६ बस्ने ना.प्र.नं. ४६१०२६/२७२ भएकी श्रीमती भिम कुमारी गुरुङको नाममा यस विकास बैंकको महेन्द्रपुल शाखा कार्यालयमा बचत खाता नं. ००७०१९०००६२०१४००००००१ रहेकोमा निजको मिति २०८३/०३/२५ मा मृत्यु भएको र निज मृतक भिम कुमारी गुरुङको नाममा यस विकास बैंकमा रहेको माथि उल्लिखित खाताको रकम भुक्तानीको माग गर्दै कास्की जिल्ला, भलाम गाउँ पञ्चायत वडा नं. ८ स्थायी ठेगाना भई हाल गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १६ बस्ने मृतक भिम कुमारी गुरुङको जेठाजु श्री देवी बहादुर गुरुङले मृतकको मृत्युदर्ता प्रमाण-पत्र (दर्ता नं. २००५०३१३०१५७२-२) र अन्य आवश्यक कागजात सहित यस विकास बैंकमा निवेदन पेश गर्नु भएको उक्त रकममा अन्य कसैको हकदाबी लाग्ने भए सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र विकास बैंकमा आवश्यक सबुत प्रमाणका कागजात सहित निवेदन दिनुहुन अनुरोध छ । अन्यथा तोकिएको समयभित्र निवेदन पेश नभएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक देवी बहादुर गुरुङलाई उल्लिखित व्यक्तिको खाताको रकम भुक्तानी भैजाने व्यहोराको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

## निक्षेप उपरको हकदाबी सम्बन्धी ३५ दिने सूचना

(प्रकाशित मितिः २०८३/०४/२८)

श्री मुहमद अलिको नाति, श्री अनुवर अलिको छोरा, स्याङ्जा जिल्ला, पुतलीबजार न.पा. वडा नं. १४ बस्ने ना.प्र.नं. ४२-०१-७६-०१७६६, (स्याङ्जा) भएको श्री असरफ अलिको नाममा यस विकास बैंकको महेन्द्रपुल, पोखरा, कास्की शाखा कार्यालयमा बचत खाता नं. ००७०१९०१३९२१३४००००००१ रहेकोमा निजको मिति २०८३/०३/१२ मा मृत्यु भएको र निज मृतक श्री असरफ अलिको नाममा यस विकास बैंकमा रहेको माथि उल्लिखित खाताको रकम भुक्तानीको माग गर्दै स्याङ्जा जिल्ला, पुतलीबजार न.पा. वडा नं. ९ को परिवर्तित गण्डकी प्रदेश, स्याङ्जा जिल्ला, पुतलीवजार न.पा. वडा नं. १४ स्थायी ठेगाना भई हाल गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १३ बस्ने मृतक असरफ अलिकी आमा नाता पर्ने श्री रमजानी खातुनले मृतकको मृत्युदर्ता प्रमाण-पत्र (दर्ता नं. २०५७०४०७०९७९५-२) र अन्य आवश्यक कागजात सहित यस विकास बैंकमा निवेदन पेश गर्नु भएकोले उक्त रकममा अन्य कसैको हकदाबी लाग्ने भए सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र विकास बैंकमा आवश्यक सबुत प्रमाणका कागजात सहित निवेदन दिनुहुन अनुरोध छ। अन्यथा तोकिएको समयभित्र निवेदन पेश नभएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदिका श्री रमजानी खातुनलाई उल्लिखित व्यक्तिको खाताको रकम भुक्तानी भई जाने व्यहोराको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

# म्याग्दीमा पाँच प्रतिशतले आलु उत्पादन घट्यो

**पोखरापत्र संवाददाता**
म्याग्दी, २७ साउन

म्याग्दीमा यस वर्ष आलु उत्पादन घटेको छ । आलु म्याग्दीबाट निर्यात हुने प्रमुख कृषि उपज हो । गत वर्षको तुलनामा पाँच दशमलव ३७ प्रतिशत आलु उत्पादन घटेको कृषि विकास कार्यालयले जनाएको छ ।



कार्यालयका प्रमुख सञ्जीव बास्तोलाले यस वर्ष म्याग्दीमा एक हजार ८४० हेक्टर क्षेत्रफलमा ३३ हजार १२० मेट्रिक टन आलु उत्पादन भएको जानकारी दिनुभयो । "अघिल्लो वर्षको तुलनामा थप २० हेक्टर क्षेत्रफलमा आलु खेती विस्तार भए पनि वैशाख र जेठ महिनाको असिनाले बोट हुर्किन तथा दाना बढ्न नपाउँदा उत्पादन घटेको हो," उहाँले भन्नुभयो, "अघिल्लो वर्ष प्रतिहेक्टर १९ दशमलव पाँच मेट्रिक टनका दरले आलु उत्पादन भएकामा यस वर्ष आलुको उत्पादकत्व घटेर प्रतिहेक्टर १८ मेट्रिकटन भएको छ ।" कार्यालयले जिल्लाका विभिन्न २४ ठाउँमा नमूना सङ्कलन गरेर उत्पादनको अवस्था पहिचान गरेको हो । गत वर्ष एक हजार ८२० हेक्टर क्षेत्रफलमा ३५ हजार मेट्रिक टन आलु उत्पादन भएको थियो । आर्थिक वर्ष २०८०/८१ म एक हजार ७५० हेक्टरमा जिल्लामा ३१ हजार ४५० मेट्रिक टन आलु उत्पादन भएको थियो । केन्द्रका अनुसार म्याग्दीबाट वार्षिक रु १० करोड मूल्यबराबरको आलु पोखरा, काठमाडौँलगायत बजारमा बिक्री हुने गर्छ । सरदर प्रतिकेजी रु ४० देखि ४५ का दरले बारीबाटै आलुको व्यापार हुने गरेको छ । रघुगङ्गा गाउँपालिका-८ मङ्गलेखानीकी बलदेवी छन्त्यालले गत वर्ष दुई मुरी आलु फलेको बारीमा यसपाली मुस्किलले एक मुरी आलु खनेको बताउनुभयो । "असिनाले हुर्कँदै गरेको अवस्थामा चुटेर आलुको बोटका सबै पात झारिदिएपछि लागेको दाना ठूला हुन र थप दाना फल लाग्नै नपाउँदा उत्पादन आधाले घटेको छ," उहाँले भन्नुभयो, "पोहोर साल ५० मुरी आलु फलाएको थिए ।" कृषक छन्त्यालका उहाँका अनुसार लेकाली क्षेत्रको चिसो हावापानीमा उत्पादन भएको आलु स्वादिलो र पोषिलो हुने भएकाले जिल्ला बाहिरबाट अत्यधिक मात्रामा माग आउने गरेको छ । अन्नपूर्ण गाउँपालिकाको शिख, खिबाङ, राम्चे, काफलडाँडा नाङ्गी, हिस्तान, पाउद्वार, रघुगङ्गा गाउँपालिकाको कुइनेमङ्गले, दर्मिजा, चिमखोला, ठाडाखानी, बेनी नगरपालिकाको भकिम्लीलगायत ठाउँमा आलु उत्पादन हुन्छ । सवारीसाधनको पहुँच पुगेपछि गाउँगाउँमा उत्पादन भएको आलुले बजार पाउन थालेको हो । गत वर्षमा ३३ हेक्टर क्षेत्रफलमा खायन आलु प्रवर्द्धन कार्यक्रम सञ्चालन भएको कार्यालयले जनाएको छ । कार्यक्रममार्फत कृषक समूह र सहकारीहरूलाई बीउ, यान्त्रिकीकरण, सिँचाइ पूर्वाधार, प्याकेजिङ र ढुवानीका लागि रु ४० लाख अनुदान उपलब्ध गराएको कार्यालय प्रमुख बास्तोलाले बताउनुभयो । म्याग्दीमा आलु जोन कार्यक्रमले अन्नपूर्ण र रघुगङ्गा गाउँपालिका तथा बेनी नगरपालिकाको वडा नं ९ र १० मा आलुखेती विस्तारमा सहयोग गर्दै आएको छ ।

# धार्मिक पर्यटनको केन्द्र बन्दै 'चोङ्सी' गुफा

**रासस**
मुस्ताङ, २७ साउन

धार्मिक तथा पर्यटकीय हिमालपारिको जिल्ला मुस्ताङमा दर्जनौ मानव निर्मित गुफा छन् । त्यस्तै प्राकृतिक रुपमा उत्पत्ति भएको एउटा महत्वपूर्ण गुफा पनि छ यहाँ ।

त्यो गुफा उपल्लो मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिका-२ स्याङवचे गाउँअवस्थित अग्लो पहाडको बीचमा छ । प्राकृतिक रुपमा स्वतः आफैँ उत्पत्ति भएर उक्त गुफा चिउसीअर्थात् चोङ्सी गुफाका नामबाट प्रसिद्धि कमाएको छ ।

पवित्र धार्मिक तीर्थस्थल त्यस गुफाको दर्शन गरेमा मोक्ष प्राप्त हुने र दर्शनार्थीलाई परम स्वर्गको अनुभूति हुने भन्ने जनविश्वास छ । जोमसोम-कोरला सडकमार्गबाट तीन किलोमिटर तल रहेको त्यस गुफासंङ्खे आकारको ढुङ्गाबाट प्राकृतिक रुपमा उत्पत्ति भएकाले यसलाई चोङ्सी गुफा भन्ने गरिएको स्थानीयको भनाइ छ ।

प्राकृतिक रुपमा उत्पत्ति भएकाले चोङ्सी गुफालाई स्थानीयले चोङ्सी रामजोन समेत भन्ने गरेको पाइन्छ । आठौँ शताब्दी ताका गुरु पद्मसम्भवअर्थात् रिन्पोर्छेले तिब्बत जाने क्रममा यहाँको चोङ्सी गुफामा ध्यान तपस्या गरी बसेको भन्ने इतिहास पाइन्छ । गुफाभित्रको चट्टानमा गुरु पद्मसम्भवको पैतालाको छाप समेत रहेको चोङ्सी गुफाका लामा बताउनुहुन्छ । चोङ्सी गुफा केवल गुफा मात्रै नभई धार्मिक आस्थाको केन्द्र रहेको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्ष रिङजिन नामगेल गुरुङले उल्लेख गर्नुभयो । उहाँका अनुसार सडकमार्ग नहुँदा पनि उक्त चोङ्सी गुफामा दर्शन तथा अवलोकन गर्न धार्मिक भक्तजन मात्र पुग्ने गरेकामा पछिल्लो स्वदेशी तथा विदेशी पर्यटक समेत आउने गरेको अध्यक्ष गुरुङले जानकारी दिनुभयो ।

त्यस गुफामा गुरु पद्मसम्भवसंग जोडिएका र अन्य धेरै धार्मिक विशेषता अवलोकन गर्न सकिन्छ । गुफाभित्रको पश्चिम भागमा हरित तारा र स्वेत तारा अवस्थित छ । प्राकृतिक रुपमा उत्पत्ति भएकाले स्थानीयले यसलाई ठोम भन्ने गरेको सुनिन्छ । गुफा तीन खण्डमा विभाजित छ । गुफा भित्र बुद्धको चारवटा स्वरुप रहेको वारागुङ मुक्तिक्षेत्रका अध्यक्ष रिनजिन नामगेल गुरुङले जानकारी दिनुभयो । उक्त स्वरुपलाई बुद्धको अवलकेश्वरको रुपमा दर्शन गर्ने परम्परा छ ।

त्यस गुफाभित्र दुईवटा छुट्टाछुट्टै चट्टानका थुम्का छन् । गाउँपालिका अध्यक्ष गुरुङका अनुसार उक्त थुम्कालाई एकलाई माउण्ट कैलाश र अर्को थुम्कोलाई आयु देवताको रुपमा पुज्ने गरिएको छ । अध्यक्ष गुरुङका अनुसार माउण्ड कैलाश पहाड तिब्बतमा अवस्थित रहे पनि चोङ्सी गुफामा अवस्थित माउण्ड कैलाश थुम्कोलाई त्यसको एक अंशको रुपमा लिने गरिएको छ । त्यस्तै अर्को थुम्कोलाई आयु देवताको रुपमा पुज्ने गरिएको छ । स्थानीयले गुफा भित्रको आयु थुम्कोलाई ठेगुम भन्ने गरेको पाइन्छ । गुफाको दोस्रो खण्डको चट्टानी खोपीमा गुरु पद्मसम्भव निकटका देवीदेवताको वासस्थान रहेको जनविश्वास छ । गुफाको दोस्रो खण्डमा पूजाआजा गर्ने ठाउँ छ । गुफाभित्र महाँकाल, नागदेवता र पाप पूण्य मापन गर्ने ठाउँ छन् । गुफामा ठुलो एक ढुङ्गा छ, जसलाई दुई हातले अँगालो हाल्न सक्ने दर्शनार्थीले मातापिताको सेवा गरेको ठहरिने र त्यो नसक्नेले सेवा गर्न नसकेको भन्ने धार्मिक जनविश्वास छ । बुद्धिस धार्मिक ग्रन्थहरूमा त्यस गुफाको माथिल्लो भागमा चरा र गुरुडको तिर्थ गर्ने ठाउँ रहेको उल्लेख छ । चरा र गरुड तीर्थ गर्ने ठाउँमा केहीले मात्रै दर्शन गरेको बताइछ । पवित्र जल रहेको गुफामा प्वाल पारिएका छिद्रछिद्र आधा दर्जन बढी प्वाल देख्न सकिन्छ ।

सोही प्वालमा पवित्र जल भेट्न सकिन्छ । डाडुजस्तो साधन प्रयोग गरी प्वालभित्रबाट उभाउँदा जल प्राप्त गर्न सकिन्छ । त्यहाँका पवित्र जल पिउनाले ग्याष्टिकलगायत पेटसम्बन्धी रोग निको हुने जनविश्वास रहेको छ । मुस्ताङको पवित्र धार्मिक तीर्थस्थल त्यस गुफासम्म साङ्वचेदेखि गुफा नजिकसम्म कच्ची सडक जोडिएकाले त्यहाँ जाने दर्शनार्थी तथा पर्यटकलाई निकै सहज भएको लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल विष्टले जानकारी दिनुभयो । अध्यक्ष विष्टका अनुसार विगतमा मुस्ताङको समरदेखि पैदल तीन घण्टाको दूरी तय गर्दै गुफासम्म जाने गरिएकामा पछिल्लो समय स्याङ्वचेबाट सडक विस्तार गरिएकाले १५ मिनेटमै त्यहाँ पुग्न सकिनेछ ।


## एउटै व्यक्ति भएको सूचना





कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ३२ निवासी भारतीय भू.पू.सैनिक 5444984L H/Nb Sub मान बहादुर थापाको श्रीमतीको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर बसुन्धरा थापा र जन्ममिति २००७।५।३ इ.स.१९५०।८।१९ भएको र पतिको पेन्सन अभिलेखमा नामथर बसुन्धरी थापा र जन्ममिति वि.स. २०११।११।२९ इ.स 1955/3/12 भएकोले उल्लेखित दुवै नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनी कास्की जिल्ला पोखरा महानगरपालिका, ३२ नं. वडा कार्यालयको च.नं. ३६०५ मिति २०८०।२।१६ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडानं. ३२निवासीभारतीयभु.पु.सै.नं.जेसी ६०७६१३A का शेष कान्त गिरीको माग निवेदन अनुसार निजको छोरा सुवास गिरीको ना.प्र.नं. ४३१०३६/१० को नेपाली नागरिकता प्रमाणपत्रमा नामथर सुवास गिरी (SUBASH GIRI) र जन्ममिति वि.सं. २०५०।०८।०९ (ई.सं.१९९३।११।२४) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको छोराको नामथर सुवास थापा (SUVASH THAPA) जन्ममिति वि.सं. २०५०।०८।०८ (ई.सं.१९९३।११।२३) उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका ३२ नं. वडा कार्यालयको च.नं. २७३ मिति २०८३।०४।२६ को सिफारिस पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनको लागि मात्र नियमानुसार हुन अनुरोध छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ३२ निवासी भारतीय भु.पु.सै.नं.जेसी ६०७६१३A का शेष कान्त गिरीको माग निवेदन अनुसार निजको छोरा सुदिप गिरीको ना.प्र.नं. ४३१०३६/३७५ को नेपाली नागरिकता प्रमाणपत्रमा नामथर सुदिप गिरी उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको छोराको नामथर सुदिप थापा उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका ३२ नं. वडा कार्यालयको च.नं. २७४ मिति २०८३।०४।२६ को सिफारिस पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनको लागि मात्र नियमानुसार हुन अनुरोध छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत विषयमा गण्डकी प्रदेश बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं. ९ साविक तित्याङ गा.वि.स. वडा नं. ३ निवासी भारतिय भारतीय भू.पू. सैनिक नं. ५८४३२४५ A TS NK बल बहादुर क्षेत्रीको पत्नी उजेली खत्री क्षेत्रीको नेपाली नागरिकताको प्रमाणपत्रमा नाम थर उजेली खत्री क्षेत्री (UIJALI KHATRI CHHETRI) भएको र निजको पतिकोको भारतिय डकुमेन्टमा पत्नीको नाम थर उन्जेली क्षेत्री (UNZALI CHHETRI) भै फरक परेता पनि उल्लेखित दुई नाम थर उजेली खत्री क्षेत्री (UWALI KHATRI CHHETRI) र उन्जेली क्षेत्री (UNZALI CHHETRI) भएको व्यक्ति फरक नभई एउटै भएको भनी बागलुङ नगरपालिका. ९ नं. वडा कार्यालय, तित्याङ, बागलुङको च.नं.५१. मिति २०८३/०४/१५ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

**प्रमुख जिल्ला अधिकारी**

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
म्याग्दी

## एउटै व्यक्ति भएको सूचना



म्याग्दी जिल्ला बेनी नगरपालिका वडा नं. ४ बस्ने, भारतीय सेनाका भू.पू. सैनिक नं. ५८४६१८९X, इश्वर सिं खत्री, ३/९ जि.आर. को श्रीमती शावित्री कार्कीको नेपाली नागरिकताको (ई.सं. प्रमाणपत्रमा नामथर सविता कुमारी खत्री र जन्ममिति वि.सं. २०२३/०२/०१ १९६६/०५/१४) उल्लेख भएको र निजको सैनिक अभिलेखमा श्रीमतीको नामथर शावित्री कार्की र जन्ममिति वि.सं. २०२५/०७/२५ (ई.सं. १९६८/११/१०) उल्लेख भई फरक परेता पनि उक्त दुई नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको भनी सम्बन्धित बेनी नगरपालिका ४ नं. वडा कार्यालयको च.नं. १८२३, मिति २०८३/०३/२२ को पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनको लागि सोही बमोजिम सिफारिस गरिन्छ ।

**प्रमुख जिल्ला अधिकारी**

## एउटै व्यक्ति भएको सूचना





बागलुङ जिल्ला जैमिनी नगरपालिका वडा नं. ६ साविक अर्जेवा गा.वि.स. वडा नं. ७ निवासी भारतीय भू.पू.सै.नं ५८४८९४४ P पल्टन ३/९ गोर्खा राईफलका हवल्दार सुरेन्द्र बहादुर खत्री (नेपाली नागरिकता प्रमाणपत्रको नाम थर सुरेन्द्र बहादुर क्षेत्री) को भारतीय पेन्सन अभिलेखमा निजको, पत्नीको र छोरा-छोरीहरुको नाम थर र जन्म मिति तपशिल बमोजिमको रहेको तर निजहरुको नेपाली नागरिकता प्रमाणपत्रमा तपशिल बमोजिमको भई फरक परेका कारणले तपशिलमा उल्लेखित दुई नाम थर र दुई जन्ममिति भएका व्यक्तिहरु फरक नभई एउटै भएको भनी जैमिनी नगरपालिका, ६ नं. वडा कार्यालय, अर्जेवा, बागलुङको च.नं. ४० मिति २०८३/०४/२० गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा अनुरोध छ।

तपसिल:

| क्र.स. | नेपाली नागरिकतामा भएको | | नाता | पेन्सन सम्बन्धी कागजातहरूको विवरण | |
|---|---|---|---|---|---|
| | नामथर | जन्ममिति | सम्बन्ध | नामथर | जन्ममिति |
| १ | सुरेन्द्र बहादुर क्षेत्री | २०३३/१०/२० | पेन्सनर | सुरेन्द्र बहादुर खत्री Surendra Bahadur Khattri | 26 Sept., 1978 |
| २ | धन कुमारी क्षेत्री | २०४२।०९।०८ | श्रीमती | धन कुमारी खत्री Dhan Kumari Khattri | 20 Dec., 1986 |

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ३२ निवासी भारतीय भु.पु.सै.नं.जेसी ६०७६१३A का शेष कान्त गिरीको माग निवेदन अनुसार निजको श्रीमती सन्तली गिरीको ना.प्र.नं. ३४५२ को नेपाली नागरिकता प्रमाणपत्रमा नामथर सन्तली गिरी उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर सन्तली थापा उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका ३२ नं. वडा कार्यालयको च.नं. २७२ मिति २०८३।०४।२६ को सिफारिस पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनको लागि मात्र नियमानुसार हुन अनुरोध छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ३२ निवासी भारतीय भु.पु.सै.नं.जेसी ६०७६१३A का शेष कान्त गिरीको माग निवेदन अनुसार निजको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर शेष कान्त गिरी र जन्ममिति वि.सं. २०२२।०४।१४ (ई.सं.१९६५।०७ । २९) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको नामथर शेष कान्त थापा जन्ममिति वि.सं. २०२६।१०।१६ (ई.सं. १९७०।०१।२९) उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका ३२ नं. वडा कार्यालयको च.नं. २७१ मिति २०८३।०४।२६ को सिफारिस पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनको लागि मात्र नियमानुसार हुन अनुरोध छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश तनहुँ जिल्ला शुक्लागण्डकी न.पा. वडा नं ५ बस्ने भारतीय भु.पु.सै.नं. JC-५७८१२७ X SUB का छविलाल वानीयाको श्रीमतीको नाम थर पेन्सन अभिलेखमा सिता माया देवी, जन्म मिति 1961-04-10 AD रहेको र श्रीमतीको नागरिकतामा नाम थर टीका देवी बानिया क्षेत्री र जन्म मिति वि.स.२०१९-०३-०५ भई नाम थर र जन्म मिति फरक परेता पनि व्यक्ति एकै भएको भनी शुक्लागण्डकी न.पा. वडा नं ५ को वडा कार्यालयको च.नं. ९ मिति २०८३/०४/०४ गतेको पत्रबाट सिफारिस भई आएकोले सोही व्यहोरा भारतीय पेन्सन प्रयोजनको लागी सिफारिस गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय, तनहुँ**